# गुठीका अध्यक्ष श्री कमलमणि दीक्षितद्वारा स्वागत भाषण

**ॐ असतोमा सद्‌गमय तमसोमा ज्योतिर्गमय मृत्योर्मा अमृतं गमय**
**ॐ शान्तिः ! शान्तिः ! शान्तिः !**

**श्रद्धेय स्वामी आचार्य नाङ्वाङ वाशियर छेम्पो शेर्पाज्यू, आदरणीय शिव रेग्मीज्यू, मान्य राधा पौडेलज्यू, तथा उपस्थित सभ्यगण,**

घुमिफिरी एकहत्तर सालको शारदीय नौरथा पनि आइपुग्यो । हाम्रो सौभाग्य हो गत ५७ वर्षदेखि नौरथाको कुनै एक दिन तपाईंहरू जस्ता विद्वज्जनको यसरी दर्शन पाउने हाम्रो परम्परा टुटेको छैन । त्यसको श्रेय यी दुई नेपाली विभूतिलाई छ- जनरल मदनशमशेर र रानीजगदम्बालाई । त्यसै हुँदा सर्वप्रथम म उहाँहरूका अमर आत्मालाई यस सभास्थलमा स्वागत गर्दछु ।

श्रद्धेय स्वामी गुरु आचार्य नाङ्वाङ शेर्पा तपाईं जस्ता आध्यात्मिक विद्वान्‌को दर्शन पाउँदा हामीहरू गौरवान्वित भएका छौं र अत्यन्त हर्षित पनि छौं । म तपाईंलाई हार्दिक स्वागत निवेदन गर्दछु ।

आदरणीय शिव रेग्मीज्यू, एउटा कुनोमा बसेर साधना गर्ने तपाईंलाई यो सभासम्म ल्याई सम्मान गर्न पाउँदा मलाई व्यक्तिगत रूपमा पनि अत्यन्त आनन्द लागेको छ । तपाईंको जीवन नै नेपाली भाषाको सेवामा समर्पित भएको देखेको छु मैले । तपाईंले जे जति लेख्नुभयो आजसम्म अरूलाई नै चम्काउने र उजिल्याउने काम मात्र गर्नुभयो । आफ्नो लागि तपाईंले कहिल्यै क्यै गर्नुभएन । यो ठूलो त्याग र तपस्या

हो, सितिमिति कसैले गर्न नसक्ने ! तपाईं जस्ता मनीषीलाई सम्मान गर्न पाएर गुठी कृतकृत्य भएको छ। हामी कृतज्ञ छौं तपाई प्रति। तपाईलाई न्यानो स्वागत छ।

नानी राधा पौडेल ! तपाईले मदन पुरस्कारमा एउटा रेकर्ड नै राखिदिनुभयो ! यत्तिका वर्षमा यो पुरस्कार पाउने तेस्रो महिला भएर मात्र होइन, एकदम नयाँ र नौलो विधाको पुस्तकलाई पुरस्कार दिलाएर तपाईले नयाँ कार्य गर्नुभएको छ। तपाईंको "खलंगामा हमला एउटी नर्सको डायरी" देख्दा सानो छ जम्मा १३५ पृष्ठको तर त्यसले हजारौं पृष्ठले पनि गर्न नसकेको काम गरेको छ। आफूभन्दा माथि देशलाई राखेर कसरी काम गर्नुपर्छ भन्ने सत्यसन्देश दिएको छ त्यसले। त्यस्तो गहन विषय र त्यत्रो त्रासदिका क्षणहरूलाई पनि कुन प्रकार राम्रो नरम र मीठो भाकामा वर्णन गर्न सकिन्छ भन्ने देखाइदिएको छ तपाईंको कितापले र नेपालीका सिद्धहस्त तथा नयाँ सिकारु लेखकहरूलाई नजानिदो पाराले एउटा सन्देश दिएको छ। यसका लागि पनि तपाई सम्मानयोग्य हुनुहुन्छ भन्ने मलाई लाग्छ। धेरै आभार व्यक्त गर्दै म तपाईंको स्वागत गर्दछु।

साथै पोखराको युवा सांस्कृतिक परिवार (पोयुसांप) ले हालै प्रकाशित गरेका दुइ कितापका केही प्रति यहाँ उपहार पठाएको र त्यो बोकी यहाँसम्म ल्याउने त्यहाँका प्रतिनिधि सज्जनलाई पनि म आजको यस समारोहमा सधन्यवाद स्वागत गर्दछु,

उपस्थित विद्वज्जन, पुरस्कार जगदम्बाश्री तथा मदन पुरस्कार अर्पण गरिने यो समारोहमा यस सभास्थलमा म तपाईहरू सबैलाई स्वागत अभिवादन गर्दछु।

सबैको जय होस् !